**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं मुकाम पुल्चोल ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं.७

पुनरावेदन नं. ०७६-**RB**-००३३

**मुद्दाः–भन्सार दरवन्दी(**M93406)

मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका वडा नं. ८ हेटौंडा औधोगिक क्षेत्रस्थित एशियन पेन्ट्स (नेपाल) प्रा.लि.को तर्फबाट ऐ.का अधिकारप्राप्त महानिर्देशक ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १८ भैसेपाटी बस्ने वर्ष ४२ को शिरीष तल्लुरी रावल................१ } पुनरावेदक

**विरुद्ध**

श्री भन्सार विभाग त्रिपुरेश्वर, काठमाडौं.....................................................................१

ऐ. का महानिर्देशक.........................................................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री महेश कुमार थापा

: विद्वान अधिवक्ता श्री मन्जु बुढाथोकी

प्रत्यर्थीहरुका तर्फबाट : विद्वान सहायक न्यायाधीवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- भन्सार विभाग

शुरु निर्णय गर्ने अधिकारीः महानिर्देशक रामेश्वर दंगाल

शुरु कार्यालयको निर्णय मितिः–२०७६।०२।३०

पुनरावेदक एशियन पेन्ट्स (नेपाल) प्रा.लि.का हकमा भन्सार विभागबाट मिति २०७६।०२।३० को भन्सार शीर्षक/उपशीर्षक तोक्ने सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पैठारीकर्ता Asian Paints (Nepal) Pvt.Ltd. मकवानपुरले M/S Asian Paints Limited, India बाट खरिद गरी पैठारीका लागि ल्याएको R5804 (Emulsion) लाई भन्सार उपशीर्षक ३९०६.९०.०० अन्तर्गत पर्ने भनी घोषणा गरी जाँचपासका लागी पेश गरेको।

२. पैठारीकर्ता Asian Paints (Nepal) Pvt.Ltd. मकवानपुरले M/S Asian Paints Limited, India बाट खरिद गरी पैठारीका लागि ल्याएको R5804 (Emulsion) लाई भन्सार उपशीर्षक ३९०६.९०.०० अन्तर्गत पर्ने भनी घोषणा गरी जाँचपासका लागी पेश गरेकोमा पैठारीकर्ताले पेश गरेको कागजातमा भन्सार उपशीर्षक ३२०९.१०.०० उल्लेख भई आएको तथा उक्त मालबस्तुको Analysis Report को अध्ययन तथा ईन्टरनेट आदिको Reference लिँदा समेत प्रस्तुत मालबस्तु रासायनिक तवरले परिवर्तन गरिएको एक्रोलिक वा भिनाईल पोलिमरमा आधारित रंगलेप(पेन्ट) र रोगन(वार्निस) भएको देखिएको र भन्सार कार्यालय अन्तर्गत रहेको प्रयोगशाला शाखाको रासायनिक गुणस्तर परीक्षण प्रतिवेदनमा समेत मालबस्तुको नमुनामा Solvent को मात्रा धेरै रहेको र Transparent/Colourless हुनुपर्नेमा Milky रहेकोले दावी गरे अनुरुपको रासायनिक गुणयुक्त Emulsion भन्न नमिल्ने पदार्थ भनी लेखी आएको हुँदा उक्त मालबस्तु भन्सार उपशीर्षक ३२०९.१०.०० बाट वर्गीकरण हुनुपर्ने भनी राय प्राप्त हुन आएको।

३. प्राप्त नमूना परीक्षण गर्दा Pigment रहित, Acrylic based polymer, additives dispersed in aqueous medium भएको र ब्रस वा रोलरले काठ, भित्ता आदिमा varnished को रुपमा प्रयोग गर्न मिल्ने गरी 48.5% पानी मिसाई बनेको बस्तु देखियो। Varnish को लागि होडिङ्ग ३२.०९ को Page VI-3209-1 मा रहेको व्याख्या र प्राप्त नमूनाको परीक्षण नतिजा हुबहु मिलेकोले यसलाई Heading 39.06 को primary forms of Acrylic polymer बाट नभई Heading 3209.10 Acrylic polymer based varnish बाट वर्गीकरण गर्न उपयुक्त हुने भन्ने समेत बेहोराको प्रयोगशाला शाखाको राय।

४. प्रयोगशाला समेतबाट प्राप्त रायका आधारमा हार्मोनाईज्ड वस्तु वर्गीकरणको व्याख्या सम्बन्धी सामान्य नियमहरुको नियम १ र ६ बमोजिम White Viscous Liquid, पिगमेन्ट नमिसाएको, Acrylic based polymer, Dispersed in aqueous medium भएको, ब्रस वा रोलरले काठ, भित्ता आदिमा Varnish को रुपमा प्रयोग गर्न मिल्ने, तुरुन्त सुक्ने, Solvent(पानी) उच्च मात्रामा अर्थात 48.5% रहेको, विभिन्न Additive हरु मिसाईएको र बस्तुको सतहमा लगाउँदा पाप्रा

नउप्किने (Anti-skinning Poperty) मालबस्तु R5804(Emulsion) लाई शीर्षक ३२.०९ अन्तर्गत उपशीर्षक ३२०९.१०.०० बाट बर्गीकरण गर्न उपयुक्त हुने देखिँदा भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा ७ बमोजिम बर्गीकरण गर्न उपयुक्त हुमे भनि नीति, महसुल तथा वर्गीकरण शाखाबाट प्राप्त भएको राय।

५. प्रयोगशाला समेतबाट प्राप्त रायका आधारमा हार्मोनाईज्ड वस्तु वर्गीकरणको व्याख्या सम्बन्धी सामान्य नियमहरुको नियम १ र ६ बमोजिम White Viscous Liquid, पिगमेन्ट नमिसाएको, Acrylic based polymer, Dispersed in aqueous medium भएको, ब्रस वा रोलरले काठ, भित्ता आदिमा Varnish को रुपमा प्रयोग गर्न मिल्ने, तुरुन्त सुक्ने, Solvent(पानी) उच्च मात्रामा अर्थात 48.5% रहेको, विभिन्न Additive हरु मिसाईएको र बस्तुको सतहमा लगाउँदा पाप्रा नउप्किने (Anti-skinning Poperty) मालबस्तु R5804(Emulsion) लाई शीर्षक ३२.०९ अन्तर्गत उपशीर्षक ३२०९.१०.०० बाट बर्गीकरण गर्न उपयुक्त हुने देखिँदा भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा ७ अनुसार भन्सार उपशीर्षक तोकिदिएको छु। भन्सार उपशीर्षक तोकिएको बेहोरा सवै भन्सार कार्यालयहरुमा परिपत्र गरिदिने भन्ने समेतको भन्सार विभाग त्रिपुरेश्वरका महानिर्देशकबाट मिति २०७६/०२/३०/०६ मा भएको निर्णय।

६. प्रत्यर्थीले Acrylic Emulsion लाई भन्सार दरवन्दी उपशीर्षक ३२०९.१०.०० अन्तर्गत गर्दा के आधारमा गरिएको हो भन्ने कुरा विपक्षी कार्यालयको पत्रबाट खुलेको देखिँदैन। भन्सार ऐन, २०६४ को दफा ६१क(३) ले ऐ.दफा २२(७) बमोजिम निर्णय गर्दा प्रचलित आर्थिक ऐन, विश्व भन्सार संगठनद्वारा प्रतिपादित हार्मोनाईज्ड बस्तु बर्गिकरण तथा संकेतीकरण प्रणाली, त्यस्तो प्रणालीको  व्याख्या सम्बन्धी नियमहरु, विश्व भन्सार संगठनको हार्मोनाईज्ड सिष्टम कमिटीले दिएको रायहरुलाई आधार लिनुपर्ने व्यवस्था रहेकोमा हचुवाको भरमा भन्सार विभागबाट भएको निर्णय कानूनसम्मत छैन। Acrylic Emulsion लाई पुनरावेदकले कच्चा पदार्थको रुपमा आयात गरी त्यसबाट Emulsion Paints उत्पादन गर्दछ। पुनरावेदकले उत्पादन गरेको Emulsion Paints भन्सार दरबन्दी शीर्षक ३२०९ अन्तर्गत नै वर्गिकरण हुने हो, तर प्रत्यर्थीको निर्णयबाट वर्गीकरण भएजस्तो Acrylic Emulsion लाई पनि भन्सार दरबन्दी उपशीर्षक ३२०९.१०.०० अन्तर्गत राख्ने हो भने कच्चा पदार्थ र तयारी बस्तुमा कुनै फरक नै हुँदैन। तयारी वस्तु आयात गर्दा र कच्चा पदार्थ आयात गर्दा फरक फरक भन्सार शीर्षक तथा उपशीर्षक अन्तर्गत राखी आयात तथा निर्यात गर्ने परिपाटी रहे बमोजिम अन्तराष्ट्रिय हार्मोनाईज्ड सिस्टममा समेत Acrylic Emulsion लाई भन्सार शीर्षक ३९०६ मा

र Emulsion Paints लाई भन्सार शीर्षक ३२०९ मा राखी बर्गीकरण गरिएको छ। यस अवस्थामा भन्सार विभागका महानिर्देशकबाट आफ्नो क्षेत्राधिकारभन्दा बाहिर रहि Acrylic Emulsion लाई भन्सार दरबन्दी उपशीर्षक ३२०९.१०.०० अन्तर्गत पर्ने भनि वर्गिकरण गरेको निर्णय त्रुटिपूर्ण रहेको हुँदा सो निर्णय बदर गरी दरबन्दी उपशीर्षक ३९०६.९०.०० कायम गराई पाउँ भन्ने समेत बेहोराको पुनरावेदक करदाताको पुनरावेदन जिकिर।

७. यसमा निवेदक एशियन पेन्ट्स नेपाल प्रा.लि. ले विपक्षी भैरहवा भन्सार कार्यालय रुपन्देही समेत उपर भन्सार वर्गिकरण उपशीर्षक संशोधन गर्ने निर्णय खारेज गरी पाउँ भनी भन्सार विभागका महानिर्देशक समक्ष पुनरावलोकनको लागि दिएको निवेदनमा भन्सार विभागबाट मिति २०७६/०५/१५ मा विभागबाट भएको वर्गिकरणको निर्णय जानकारी गराउने भनी विभागबाट सवै भन्सार कार्यालयहरुलाई सम्बोधन गरी मिति २०७६/०३/०८ मा Acrylic Emulsion लाई भन्सार दरबन्दी उपशीर्षक ३२०९.१०.०० मा वर्गीकरण गर्ने गरी मिति २०७६/०२/३० मा भएको निर्णय सहितको मिसिल भन्सार विभागबाट झिकाई सो मिसिल प्राप्त भएपछि प्रस्तुत निवेदन पेशीमा चढाई विशेष सरकारी वकिल कार्यालय काठमाडौंलाई समेत पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने समेतको यस न्यायाधीकरणबाट मिति २०७६/०५/२३ मा भएको आदेश।

८. कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ प्रत्यर्थी झिकाउने गरी मिति २०७६।१०।१० मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेसी सूचिमा चढी निर्णयार्थ यस ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहितको मिसिल एवं भन्सार विभागबाट प्राप्त भएको शुरु मिसिल अध्ययन गरी पुनरावेदक एशियन पेन्ट्स(नेपाल) प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री महेश कुमार थापा र श्री मन्जु बुढाथोकीले विपक्षी भन्सार विभागका महानिर्देशकबाट **Acrylic Emulsion** लाई आफ्नो क्षेत्राधिकारभन्दा बाहिर रही भन्सार दरबन्दी उपशीर्षक ३२०९.१०.०० अन्तर्गत पर्ने गरी गरेको वर्गिकरण गर्ने गराउने गरी सवै भन्सार कार्यालयहरुलाई गरेको पत्राचार समेत कानून विपरित भएको हुँदा सो बदर उल्टी गरी **Acrylic Emulsion** लाई भन्सार दरवन्दी उपशीर्षक ३९०६.९०.०० अन्तर्गत पर्ने गरी फैसला गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद

बस्ताकोटीले भन्सार विभागका महानिर्देशकज्यूबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा उक्त निर्णय सदर हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्‍वानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा भन्सार विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

११. अव निर्णयतर्फ विचार गर्दा, पैठारीकर्ता एशियन पेन्ट्स(नेपाल) प्रा.लि.ले M/S Asian Paints Limited, India बाट खरिद गरी पैठारीका लागि ल्याएको R5804 (Emulsion) लाई भन्सार उपशीर्षक ३९०६.९०.०० अन्तर्गत पर्ने भनी घोषणा गरी जाँचपासका लागी वीरगञ्ज भन्सार कार्यालयमा पेश गरेको देखिन्छ। पैठारीकर्ताबाट जाँचपासका लागि पेश गरेको उक्त मालवस्तुको Analysis Report को अध्ययन तथा ईन्टरनेट आदिको Reference लिँदा समेत प्रस्तुत मालबस्तु रासायनिक तवरले परिवर्तन गरिएको एक्रोलिक वा भिनाईल पोलिमरमा आधारित रंगलेप(पेन्ट) र रोगन(वार्निस) भएको देखिएको लगायतका कारणबाट भन्सार उपशीर्षक ३९०६.९०.०० बाट नभई ३२०९.१०.०० बाट हुनुपर्ने भएकोले सो संकेत नम्बर अनुसार लाग्ने महसुल पैठारीकर्ताबाट बुझाउने गरी वीरगञ्ज भन्सार कार्यालयबाट निर्णय भएको देखिन्छ। यसप्रकार वीरगञ्ज भन्सार कार्यालयबाट भएको निर्णय उपर सहमत हुन नसकी पैठारी गरिएको मालवस्तुको वर्गीकरणका लागि सम्बन्धित निकायमा पठाई स्पष्ट भई भन्सार उपशीर्षक ३२०९.१०.०० अन्तर्गत लाग्ने महसुल धरौटी राखी जाँचपास गरिदिनका लागि पैठारीकर्ताबाट मिति २०७५/०९/२३ मा ऐ.कार्यालयमा निवेदन पेश भएपश्चात भन्सार उपशीर्षक स्पष्टताको लागि वीरगञ्ज भन्सार कार्यालयको राय सहित भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा ६ बमोजिम भन्सार संकेत निर्धारणको लागि भन्सार विभाग काठमाडौंमा पठाएको देखिन्छ। साथै भन्सार विभाग, काठमाडौंबाट समेत वीरगञ्ज भन्सार कार्यालयको राय बमोजिम हुने नै गरी पैठारी गरिएको मालबस्तुको भन्सार उपशीर्षक ३२०९.१०.०० कायम गर्ने गरी निर्णय भएको देखिन्छ।

१२. पैठारीकर्ताले पैठारी गरेको मालवस्तु R5804 (Emulsion) को सम्बन्धमा भन्सार कार्यालय, वीरगञ्जको प्रयोगशाला शाखाबाट परिक्षणको क्रममा उक्त मालवस्तु Pigment रहित, Acrylic based polymer, additives dispersed in aqueous medium भएको र ब्रस वा रोलरले काठ, भित्ता आदिमा varnished को रुपमा प्रयोग गर्न मिल्ने गरी 48.5% पानी मिसाई बनेको बस्तु देखिएको र उक्त तथ्यहरुको विश्लेषण Internet सूचना समेत अध्ययन गर्दा परिक्षणको लागि प्राप्त नमूनाको परिक्षण नतिजा Varnish को लागि होल्डिङ्ग ३२.०९ को Page VI-3209-1 मा रहेको परिभाषासँग मिलेको देखिंदा पैठारी गरेको वस्तुलाई Heading 39.06 को Primary forms of Acrylic polymer बाट नभई Heading 3209.10 Acrylic Polymer based varnish बाट

वर्गिकरण गर्न उपयुक्त हुने भन्ने समेतको राय प्राप्त भएको देखिन्छ। साथै महसुल तथा वर्गिकरण शाखाबाट प्रयोगशालाबाट प्राप्त राय समेतका अन्य आधारमा पैठारी गरेको मालवस्तु भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा(७) बमोजिम ३२०९.१०.०० बाट नै वर्गिकरण गर्न उपयुक्त हुने भन्ने राय प्रकट भएको देखिन्छ।

१३. पैठारीकर्ताबाट R5804 (Emulsion) भनी घोषणा गरेको आयातित बस्तुका सम्बन्धमा निजबाट दावी गरिएको भन्सार शीर्षक ३९०६ का सम्बन्धमा अध्ययन गर्दा, उक्त शीर्षकमा Acrylic Polymers in Primary forms भन्ने उल्लेख भएअनुसार त्यस शीर्षकमा टल्कने वस्तु र संश्लेषित रेसाहरु बनाउन प्रयोग हुने प्राथमिक रुपमा एक्रोलिक पोलिमरलाई मात्र समेटिएको देखिन्छ तर पैठारीकर्ताबाट आयातित मालवस्तु तरल तथा लेदोको रुपमा रहेकोले HS Explanatory Note 2017 को page VII-39-11 बमोजिम यस्ता वस्तुहरुको शीर्षक ३२१० अन्तर्गत रहने देखिन्छ। साथै Internet लगायतका अन्य सामाग्रीहरुको अध्ययनको क्रममा यस्तै प्रकारको मालवस्तु Acrylic Polymer in primary form, water based coating लाई 15oct.2014 मा पाकिस्तानको The Pakistan Customs Tariff Committee ले समेत HS Code 3209.10.00 बाट वर्गिकरण गरेको देखिन्छ। यसप्रकार पैठारीकर्ताले आयात गरेको मालवस्तुका सम्बन्धमा वीरगञ्ज भन्सार कार्यालयको प्रयोगशाला शाखाबाट प्राप्त रिपोर्ट, ऐ.कार्यालय समेतबाट प्राप्त राय, Internet बाट प्राप्त Pakistan Customs Tariff Committee को उक्त समान प्रकारको मालवस्तुलाई ३२०९.१०.०० बाट वर्गीकरण गरेको सूचना समेतका आधारबाट पैठारीकर्ताबाट आयातित वस्तुमा निजले घोषणा गरेभन्दा सारतत्व एवं मिश्रण फरक पर्न गएको देखिन आयो। तसर्थ आयातित उक्त मालवस्तु R5804 (Emulsion) लाई शीर्षक ३२०९ अन्तर्गत उपशीर्षक ३२०९.१०.०० बाट वर्गीकरण गर्न उपयुक्त हुने भनी भन्सार विभागबाट भएको निर्णय मिलेकै देखिन आयो। पुनरावेदक पैठारीकर्ताको पुनरावेदन जिकिर बमोजिम आयातित मालबस्तुलाई भन्सार दरबन्दी उपशीर्षक ३९०६.९०.०० अन्तर्गत गरी पाउँ भन्ने दावी मिलेको देखिएन।

१४. अत माथि विवेचित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाताले प्र.द.नं. M93406 बाट आयात गरेको DIRTSHIELD नामक Acrylic Emulsion (R5804 Emulsion) भन्सार दरबन्दी शीर्षक ३९०६ अन्तर्गतको ३९०६.९०.०० अन्तर्गत भनि घोषणा गरेकोमा आयातित वस्तुको प्रयोगशाला परिक्षण हुँदा आयातकर्ताले घोषणा गरेभन्दा सारतत्व एवं मिश्रण फरक भई भन्सार दरवन्दी शीर्षक ३२०९ अन्तर्गतको उपशीर्षक ३२०९.१०.०० बाट वर्गीकरण हुने मालवस्तु देखिन आई सो बमोजिम तोक्ने गरी भन्सार ऐन, २०६४ को दफा २२(७) बमोजिम भन्सार विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत देखिएकोले अन्यथा परिवर्तन गर्नुपर्ने नदेखिँदा भन्सार विभागका महानिर्देशकबाट मिति २०७६/०२/३०

मा भएको निर्णय सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.......१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू...........................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टागरी मिसिल नियमानुसार गरी बुझाईदिनू...........................................................................................३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री प्रमोद रिजाल

इतिसम्बत २०७७ साल पौष २ गते रोज ५ शुभम्.................................................